| ६. निजी वन | ६३८ | ७७६.८५ |
|---|---|---|

## ५.२ फिल्ड क्षेत्रको अनुगमन

यस कार्यालय भन्दा माथिल्लो निकायहरु पर्यटन, वन तथा वातावरण, प्रदेश नं. १, प्रदेश वन निर्देशनालय, यस कार्यालयबाट समेत यस अवधिमा जिल्लाका सबै सब डिभिजन वन कार्यालयहरु र लगभग सबैतिरको वनक्षेत्रको अनुगमन कार्य जारी रहेको छ । वन क्षेत्रको अवस्था सामान्य अवस्थामा रहेको र यस अवधिमा चोरी निकासीको घटना अत्यन्त न्यून रहेको पाइयो ।

## ५.३ वन्यजन्तुको चोरी शिकारी नियन्त्रण तथा उद्धार र पिडित परिवारहरुलाई राहत वितरण

वनक्षेत्र आसपासका बस्तिहरुमा, राजमार्गमा सवारी दुर्घटनाले घाइते भएका, माउसँग छुट्टिएर एक्लै हराउन पुगेका, आहारा र बासस्थानको खोजीमा दक्षिणी भेगसम्म आइपुग्ने गरेका, टुहुरा तथा घाइते वन्यजन्तुहरुलाई यस कार्यालयमा सूचना प्राप्त हुनासाथ प्राविधिक टोली पठाई उद्धार गरी आवश्यकता अनुसार उपचार समेत गराइ प्राकृतिक वासस्थान वा तिनको जीवनको संरक्षणको ग्यारेन्टी हुनसक्ने क्षेत्रगत निकायमा छाडी तथा बुझाई वन्यजन्तुको उद्धार तथा पुर्नस्थापना गर्ने गरिएको छ । सवारी साधनका कारण हुने दुर्घटनाबाट वन्यजन्तुको क्षति न्युनीकरण गर्न विभिन्न सचेतनामूलक होर्डिंग बोर्डहरु स्थापनाको साथै प्रचार प्रसार गरिएको छ । यस अवधिमा उद्धार गरिएका वन्यजन्तुहरुको विवरण निम्न तालिकामा देखाइएको छ ।

**तालिका नं. ३ : वन्यजन्तु उद्धार गरिएको विवरण**

| मृत्यू भएको वन्यजन्तुको ववरण | | | | घाइते भएको वन्यजन्तुको ववरण | | | कै फयत |
|---|---|---|---|---|---|---|---|
| प्रजाति | संख्या | मृत्यू हुनुको कारण | आखेटोपहार को अवस्था | प्रजाति | संख्या | पुनस्थापना गरिएको स्थान | |
| भाले जातको हरिण | 1 | कुकुरको टोकाईबाट मृत्यु | गाडेको | | | | 2079.10.26 |
| हरिण | 1 | शकारीले मारेको | गााडेको | | | | 2079.11.4 |
| | | | | सुनगोहरो | 1 | सब ड व का सलकपुर | 2079.11.5 |
| | | | | अजिङगर | 1 | सब ड व का सलकपुर | 2079.11.25 |
| हरिण | 1 | अरु जनावारको आक्रमणबाट | गाडेको | | | | 2079.11.24 |
| निलगाई | 1 | गाडीको ठोक्करबाट | गाडेको | | | सलकपुरमा गाडेको | 2079.11.22 |
| हरिण | 2 | बसको ठक्करबाट | गााडेको | | | | 2079.12.7 र 12 |

## ५.४ वन विकास कार्यहरु

यस अवधिमा भएका मुख्य वन विकासका कार्यहरु तपसिल बमोजिम छन् ।

### ५.४.१ नर्सरी निमार्ण/मर्मत

यस अवधिमा यस जिल्लामा बेलबारी र केराबारी सब डिभिजन वन कार्यालयको कम्पाउण्डमा रहेको नर्सरीमा ट्रस्ट निर्माणको कार्य सम्पन्न भएको छ ।



बेलबारी सब ड भजन वन कार्यालयको नर्सरीमा ट्रस्ट निर्माण



केराबारी सब ड भजन वन कार्यालयको नर्सरीमा ट्रस्ट निर्माण

### ५.४.२ विरुवा उत्पादन

गुणस्तरीय विरुवा हाम्रो प्रतिवद्धता (Quality saplings is our motto) भन्ने नारालाई पूर्णरुपमा आत्मसाथ गर्दै यस आर्थिक वर्षमा डिभिजन वन कार्यालयवाट संचालित नर्सरी, दक्षिणी भेगका नीजि नर्सरी र सामुदायिक तथा साझेदारी वन नर्सरीहरुमा स्थानीय तहको समेत सहकार्य र सहयोगमा उच्च गुणस्तरका, तोकिएको प्रजाति र आकारका विरुवा तोकिएको समयभित्रै उत्पादन गरी वितरण गर्ने लक्ष्य रहेको छ । यस आ.व.मा प्रदेश सरकारको र जिल्ला वन पैदावार आपूर्ति समितिको कार्यक्रमबाट निम्न तालिकामा विरुवा उत्पादनको लक्ष्य देखाएको छ ।

**तालिका नं ५: समग्र विरुवा उत्पादनको विवरण**

| सि.न. | विवरण | एक वर्षिय विरुवा | बहु वर्षिय विरुवा | जम्मा विरुवा | कैफियत |
|---|---|---|---|---|---|
| १ | जि.व.पै.आ.स. मार्फत विरुवा उत्पादन | ३००००० | ५०००० | ३५०००० | |
| २ | प्रदेश वन विकास तथा व्यवस्थापन कार्यक्रम | १५०००० | ० | १५०००० | |
| ३ | राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम | ० | २००००० | २००००० | |
| ४ | साझेदारी वन उपभोक्ता समुह | २११५०० | २५००० | २३६५०० | |
| **जम्मा** | | **६६१५००** | **२७५०००** | **९३६५००** | |

### ५.४.३ विरुवा वितरण

यस जिल्लामा गत बिगत वर्षहरुमा उत्पादन भएका एक बर्षिय र बहुबर्षिय बिरुवाहरु संघसंस्था तथा निजी किसानहरु र सरकारी कार्यालयहरुले आवश्यकता अनुसार विरुवा लगी रोपी रहेका छन् ।

## ६. वन व्यवस्थापनका कार्यहरु

यस जिल्लामा रहेका ४ गोटा **साझेदारी वन**हरु क्रमशः लाटीझोडा, लोहन्द्रा कोरावारी, बेलबारी चिसाङ्, पथरी शनिश्चरे साझेदारी वन व्यवस्थापन समूहको कार्ययोजना कार्यान्वयन अर्न्तगत मूल समिति र कार्यान्वयन इकाईको बैठक, बार्षिक साधारणसभा सम्पन्न तथा समुह गठन लगायतका कार्यहरु भैरहेको छ । जस मध्ये वन नियामावली २०७९ अनुसार लाटीझोडा, लोहन्द्रा केराबारी र पथरी शनिश्चरे साझेदारी वन उपभोक्ता समुह गठन भई कार्य

संचालनमा छन् भने बेलबारी चिसाङ साझेदारी वनको समुह गठन प्रकृयामा रहेका छन् । यस्तै प्रकारले सामुदायिक वन उपभोक्ता समुहहरुले वन नियमावली २०७९ अनुसार समुहको विधान संशोधनका कार्यहरु गरिरहेका छन् ।

## ७. स्विकृत कार्यक्रम र बजेट

आ.व. २०७९/०८० मा संघीय र प्रदेश सरकारबाट प्राप्त भएका स्विकृत कार्यक्रम, बजेट र प्रगति विवरण अनुसूची २ मा उल्लेख गरिएको छ ।

## ८. काठ दाउरा उत्पादन, आपुर्ति ब्यवस्थापन

आ.व. २०७९।०८० मा को यस अवधिमा उत्पादन भएका वनपैदावारको विवरण तलको तालिका प्रस्तुत गरिएको छ ।

**(अ) काठ दाउरा उत्पादन** र वक्री वतरण

| सि.न. | वनको किसिम | उत्पादन | | | विक्री वितरण | | |
|---|---|---|---|---|---|---|---|
| | | काठ (क्यू.फिट) | दाउरा (चट्टा) | जडिबुटी (केजी) | काठ (क्यू.फिट) | दाउरा (चट्टा) | जडिबुटी (केजी) |
| १ | सरकारद्वारा व्यवस्थित वन | ९०५९.६६ | ६.७५ | २५३०० | ८८२४.७० | १२.५ | २५३०० |
| २ | सामुदायिक वन | १५६६२६.६५ | ४१७.०४ | ० | १२९०४.५८ | २६.५ | ० |
| ३ | निजी (नम्बरी)आवादी | १७४८२३.५२ | ३८६ | ० | १७४८२३.५२ | ३८६ | ० |
| ४ | साझेदारी वन | २८३.९६ | ० | ० | १९९.५७ | ० | ० |
| ५ | धार्मिक वन | ० | ० | ० | ० | ० | ० |
| जम्मा | | ३४०७९३.७९ | ८०९.७९ | २५३०० | १९६७५२.३७ | ४२५ | २५३०० |

(नोट : सामुदायिक वनको समुह बाहिर विक्री वितरण भएको तथ्यांक प्रविष्ट गरिएको)

### (आ) वन पैदावारको आपुर्ति ब्यवस्थापन

जिल्ला वनपैदावार आपुर्ति समितिबाट चालु आ.व.मा ३० हजार काठ विक्री वितरण गर्ने लक्ष्य राखे अनुसार यस अवधिमा दोश्रो लटको सूचना प्रकाशित गरेकोमा १५१ जनाले घर निर्माण तथा मर्मत र ५ वटा संस्थाले ९५३४ क्यु.फि. र दाउरा २५.५ चट्टा दाउरा पाएका छन् ।

## ९. राजस्वको विवरण

चालु आ.व. २०७९।०८० मा को तेश्रो त्रैमासिक अवधिमा यस कार्यालयबाट संकलित राजस्व विवरण निम्न प्रकार रहेको छ ।

तालिका नं. ६ : (क) राजस्व को विवरण

